नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।



## शुभकामना सन्देश

लागू औषधको दुरुपयोग तथा अवैध कारोवारको चुनौतीलाई संयुक्त रुपमा सामना गरी लागू औषध मुक्त समृद्व समाजको स्थापना गर्ने उद्देश्य साथ संयुक्त राष्ट्र संघ महासभाबाट घोषणा भई प्रत्येक वर्ष जून २६ लाई लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउने गरिएको छ। यस वर्षका लागि **"Share Facts on Drugs, Save Lives"**भन्ने अन्तर्राष्ट्रिय नारा र **"लागू औषध रहित परिवारः स्वस्थ जीवनको आधार"** भन्ने राष्ट्रिय नारा तय गरी तीन दिने कार्ययोजना सहित विविध कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

लागू औषधको दुरुपयोग वा अवैध कारोवार,ओसारपसार तथा दुर्व्यसन विश्वव्यापी रुपमा समस्या रहेको र यसको प्रयोग वर्षेनी बढिरहेको विभिन्न अध्ययनहरुले देखाएका छन् ।नेपालमा लागू औषध प्रयोगको अवस्था, प्रभावित समूह र क्षेत्रको बारेमा जानकारी लिने उद्देश्यले सम्पन्न भएको नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ का अनुसार नेपालमा लागू औषध प्रयोगकर्ता १ लाख ३० हजार ४ सय २४ पुगेको आँकलन छ, जुन कूल जनसंख्याको झण्डै ०.४८ प्रतिशत हुन आउछ।

लागू औषधको दुर्व्यसन र यसको निर्भरताले जटिल रोगको संक्रमण हुनगई अकालमै मृत्यु हुने, परिवार र समाजको बोझ मानिने र आर्थिक दुरावस्थाबाट पारिवारिक विचलन तथा विखण्डनसम्म हुनसक्ने जोखिम हुँदाहुदै पनि पछिल्लो अवस्थामा युवा, किशोर किशोरीहरुमा लागू औषधको दुर्व्यसनको प्रबृत्ति बढिरहेको देखिन्छ ।लागू औषधको सेवनले सेवनकर्ताको स्वास्थ्य, सार्वजनिक सुरक्षा र युवा जनशक्तिको उत्पादकत्व र सिर्जनशिलतामा ह्रास मात्र नगराई मूलतः मुलुककै आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षलाई कमजोर बनाउदै सिर्जनशील तथा उद्यमशील जनशक्तिको क्षय समेत गराउछ ।

लागू औषधको बहुपक्षिय प्रभाव हुने र धेरै क्षेत्रलाई यसले प्रभाव पार्ने हुनाले सरकारी निकाय र गैरसरकारी संघ/संस्थाहरूसंग मिलेर लागू औषध नियन्त्रणसंग सम्बन्धित सचेतना अभियानहरू सञ्चालन गरिदै आएको छ । लागू औषधको उत्पादन, ओसारपसार, विक्री वितरण तथा सेवनलाई प्रभावकारीरूपमा नियन्त्रणको लागि आवश्यक अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा सो को आधारमा नीतिगत तथा कानूनी व्यवस्थामा परिमार्जन गरी कार्यान्वयन गर्न गृह मन्त्रालय सदैव प्रतिवद्ध छ।

लागू औषधको असर र प्रभावबारे समाजमा अभियानमूलक चेतना विकास गर्नु र बास्तविकतावारे सबैलाई जानकारी गराई लागू औषध नियन्त्रणमा समुदायको भूमिकालाई बढाउनु अहिलेको मूल आवश्यकता हो। अझ, हामी जस्ता विकासोन्मुख देशले भोगिरहेको लागू औषध दुर्व्यसन तथा अवैध कारोवारको समस्यासंग जुध्न र लागू औषध मुक्त समाज स्थापना गर्न सामुहिक ऐक्यवद्धता,सहकार्य र समन्वयसहित सबैंको साझा प्रतिवद्धता अपरिहार्य छ ।जसको फलस्वरुप दीगो विकास लक्ष्य हासिल गर्ने र सामाजिक न्याय प्रवर्द्धन गर्ने दिशामा थप प्रगति हासिल गर्न सक्दछौं।

आगामी दिनमा नयाँ सोच, रणनीति र योजनाका साथ सम्बद्ध तीनै तहका सरकार र सवै सरोकारवाला मन्त्रालय तथा अन्य संघसंस्थाहरु सामुहिक रुपमा प्रतिवद्ध भई लागू औषध नियन्त्रणको अभियानमा अगाडि बढ्न अनुरोध गर्दै सवैलाई यस दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

असार १२, २०७८

महेश्वर न्यौपाने
सचिव